Kutumbha vani, Volume 6, Issue 1, November, 2025 ISSN 2616- 0331

# ग्रामीण विकास अध्ययनमा अन्तर्विषयात्मकता

रत्नमणि नेपाल
सहप्राध्यापक (ग्रामीण विकास)
नेपाल र एसियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय
**nepalratnamani@gmail.com**

Received: June 11, 2025 Revised: September 26, 2025 Accepted: November 3, 2025

**अध्ययन सार**

*अन्तर्विषयात्मक अध्ययन जटिल सामाजिक समस्याहरुको नीतिगत तथा ज्ञानात्मक समाधान खोज्न गरिने एक छुट्टै अध्ययन परम्परा हो । पछिल्लो समयमा विश्वविद्यालय लगायत शिक्षण तथा अनुसन्धान निकायहरुमा गरिने अनुसन्धान कार्यमा अन्तर्विषयात्मक अध्ययनको माग विश्वव्यापी रूपमै बढिरहेको छ । नेपालमा भने यो अध्ययन एक नयाँ प्रयोगजस्तो देखिन्छ । यस लेखमा त्रिविको मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगत वि सं २०५८ सालमा स्थापित अन्तर्विषयात्मक विषय ग्रामीण विकासमा हुने विद्यावारिधि तहका अध्ययनहरुको अन्तर्विषयात्मकताको प्रकृति र प्रवृत्तिको विश्लेषण गरिएको छ । अन्तर्विषयात्मक विषयमै अन्तर्विषयात्मकताको स्थिति बुझ्न सकियो भने अन्य संस्थागत विषयमा हुने अन्तर्विषयात्मक अध्ययनका बारेमा अनुमान लगाउन सजिलो हुन्छ भन्ने मान्यताले यो लेख तयार पारिएको छ । यसमा ग्रामीण विकास विषयमा विद्यावारिधिरत सात जना सहभागीबाट अन्तर्वार्ता विधिद्वारा प्राप्त धारणाको विषयगत विश्लेषण गरी निष्कर्ष निकालिएको छ । लेखमा ग्रामीण विकास विषयमा भइरहेका अन्तर्विषयात्मक अध्ययनहरुमा अन्तर्विषयात्मकताको प्रवृत्ति तीन किसिमको भएको निष्कर्ष निकालिएको छ : पहिलो, सामान्य जानकारी लिई अगाडि बढाइएको (आंशिक बोधबाट अन्तर्विषयात्मकता), दोस्रो, अध्ययन अगाडि बढाउँदै गर्दा जानकारी भएको ( प्रक्रियाबाट आंशिक बोध), र तेस्रो, पूर्व जानकारी पनि नभएको र अध्ययनका क्रममा पनि थाहा नभएको (न बोध न प्रक्रिया) । अन्त्यमा प्राप्त निष्कर्ष र पूर्व प्रकाशित सामाग्रीको संयोजन गरी यस लेखमा ग्रामीण विकास बिषयमा गरिने अन्तर्विषयात्मक अध्ययनको प्रक्रियागत खाका (Process framework) पनि प्रस्ताव गरिएको छ ।*

## १. परिचय

केही समययता विश्वविद्यालय लगायत शिक्षण तथा अनुसन्धान निकायहरुमा अन्तर्विषयात्मक अध्ययनका (Interdisciplinary Research) बारेमा विभिन्न कोणबाट बहस भइरहेका छन् । खासगरि अन्तर्विषयात्मक ज्ञान र यसको उपादेयतामाथि त्यस्ता छलफलहरू केन्द्रीत भएको पाइन्छ (Benlahcene, Chattti, Hoque, Khal & Bakir, 2024) । सन् १९५० पछि विश्वव्यापीरूपमा देखापरेका जटिल सामाजिक, आर्थिक तथा राजनीतिक समस्याहरू समाधान गर्न यस प्रकारका अध्ययन, अनुसन्धान तथा ज्ञानको महत्व बढेको भन्ने निष्कर्ष यस्ता छलफलहरुले निकालेको देखिन्छ (Klein, 1999; Hoidn, 2018) । अन्तराष्ट्रिय शिक्षाका क्षेत्रबाट प्रारम्भ गरेर विकास, द्वन्द्व, शान्ति, सशक्तिकरण, मानव अधिकार, अन्तराष्ट्रिय सम्बन्ध, जनसहभागिता, सामुदायिक विकास, दिगो विकास, वातावरण संरक्षणजस्ता जटिल तथा बहुआयामिक विषयक्षेत्रहरुको अध्ययन गर्नु र समाज, राज्य तथा शिक्षण संस्थाका विभिन्न तहमा यी विषयहरुलाई एकिकृत गर्नु मध्य-बिसौं शाताब्दी पछाडिको समयको मुलभूत उद्देश्य नै रह्यो (Purvis, Keding, Lewis & Northall, 2023) । यस प्रक्रियालाई संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय श्रम संगठन, विश्व व्यापार संगठन लगायतका अन्तर्विषयात्मक संस्थाहरुको गठनले पनि थप मद्दत पुर्‍यायो । राष्ट्रिय सरकारहरुले पनि सोही बमोजिम आफ्ना संस्थाहरुको गठन तथा पुनर्गठन गरे (Klein, 1999) । राज्य तथा अन्तर्राष्ट्रिय निकायहरुका समग्र नीति तथा कार्यक्रमहरुलाई पनि अन्तर्विषयात्मक पदावली विकासका नाममा एकिकृत गरियो । जो आफैंमा एक अन्तर्विषयात्मक कदम थियो । विश्वव्यापीरूपमा भने सन् सत्तरीको दशकबाट अन्तर्विषयात्मक अध्ययन तथा अनुसन्धानको बहस चुलिएको मानिन्छ (Miller, 1982) । यसरी समाजमा विद्यमान बहुआयामिक तथा जटिल समस्याहरुको अध्ययन तथा अनुसन्धान गर्ने र अन्तर्विषयात्मक ज्ञानको माध्यमबाट तिनको समाधानको उपाय खोज्ने अन्तर्विषयात्मक क्रम पछिल्लो समयमा आएर निक्कै बढेको देखिन्छ ।

Kutumbha vani, Volume 6, Issue 1, November, 2025 ISSN 2616- 0331

## १. पृष्ठभूमि

सन् सत्तरीको दशकपश्चात अन्तर्विषयात्मक अध्ययन क्षेत्रीय र प्रादेशिक समस्याहरुमा केन्द्रीत भई त्यस्ता विषयहरुको अध्ययन गर्न विश्वविद्यालयस्तरमा वातावरण अध्ययन, आमसञ्चार अध्ययन, जनजातीय अध्ययनजस्ता विषयहरुको गठन भएको मानिन्छ (Miller, 1982)। नेपालको त्रिभुवन विश्वविद्यालयमा भने त्यसको झण्डै तीस बर्ष पछि वि सं २०५८ सालमा त्रिवि मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगत ग्रामीण विकास विषयको स्थापना भएसँगै यसबारेको बहसले व्यापकता पाएको देखिन्छ। ग्रामीण विकास विषय अन्तरविषयक हुँदाहुँदै पनि यसमा भइरहेका अध्ययनहरू कतिको अन्तर्विषयात्मक छन् भन्ने प्रश्न भने अनुत्तरित नै छ । यो लेख यसै विषयमा केन्द्रीत रहेको छ । ग्रामीण विकास विषयको स्थापना हुनुभन्दा अगाडि मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत इतिहास, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, भूगोल, नेपाली तथा अंग्रेजीजस्ता विषयहरूकायम थिए । यी विषयहरुलाई यिनको उद्देश्य र प्रकृतिका हिसाबले संस्थागत वा मूलधारका विषय (Institutional or mainstream disciplines) का रूपमा लिइन्छ (Krishnan, 2009; Miller, 1982) । त्यसो त त्रिविमा जनसंख्या अध्ययन भन्ने विषय पनि यसै संकाय अन्तरगत रहेको छ तर यस विषयलाई अन्तर्विषयात्मक भनेर खासै चर्चा गरिएको पाइँदैन (CDPS, 2024)। यस अर्थमा ग्रामीण विकास विषय नै आधिकारिक रूपमा अन्तरविषयक विषय ठहरेतापनि पछिल्लो समयमा द्वन्द्व, शान्ति तथा विकास, अन्तराष्ट्रिय सम्बन्ध अध्ययन, सामाजिक कार्य अध्ययन, लैंगिक अध्ययनजस्ता अन्तर्विषयात्मक विषयहरूलागू भएका छन् ।

यहाँ ख्याल गर्नुपर्ने सन्दर्भ के छ भने अर्थशास्त्र, समाजशास्त्र, इतिहास तथा भूगोलजस्ता संस्थागत विषयहरुमा पनि अन्तर्विषयात्मक अनुसन्धान हुन नसक्ने होइन । किनभने अन्तरविषयात्मकता भनेको सामाजिकशास्त्र, मानविकी तथा भौतिक विज्ञानका विभिन्न शाखाहरुको ज्ञान, सूचना, अनुसन्धान विधि, अवधारणा तथा सिद्धान्तहरुको अन्तरघुलन गरी कुनै पनि जटिल सामाजिक विषयबस्तु तथा समस्याका बारेमा गहिरो र साङ्गोपाङ्गो ज्ञान हासिल गर्ने उपाय हो (Boon and Baalen, 2018) । Repko and Szostak (2017) ले संस्थागत विषयहरुको एकिकरण या संयोजन नै अन्तर्विषयात्मक अध्ययनलाई विषयगत अध्ययनबाट फरक देखाउने बिशेषता हो भनी उल्लेख गरेका छन्। यस हिसाबले अन्तर्विषयात्मक अध्ययन कुनै पनि संस्थागत विषय जस्तै राजनीतिशास्त्र, अर्थशास्त्र, सामाजशास्त्रले या कुनै अनुसन्धान निकाय, नीति प्रतिष्ठान तथा स्वतन्त्र अनुसन्धानकर्ताले समेत गर्न सक्दछन् । तथापि यस्ता विषय अन्तरगत हुने अध्ययनहरू सम्बन्धित विषयका सिद्धान्त तथा सूचनाको दायराभन्दा बाहिर जान सक्दछन् ? सम्बन्धित विभाग तथा निकायले अध्ययनकर्तालाई त्यो सुविधा दिन लचकता अपनाउँछन् ? प्रश्न यो पनि उठ्छ कि संस्थागत विषयमा हुने र ग्रामीण विकासजस्ता अन्तरविषयक विषयमा हुने अन्तर्विषयात्मक अध्ययन भिन्न हुन्छन् कि एउटै प्रकृति र प्रवृत्तिका हुन्छन् ? । अध्ययनहरुका अनुसार संस्थागत विषयहरुमा गरिने अध्ययन विधिशास्त्रनिष्ठ र कठोर हुने गर्दछन् (Krishnan, 2009) । यस्ता अध्ययनहरुमा रेखीय संरचना र अनुबन्धन आवश्यक पर्दछ जसले जटिल तथा समसामयिक समस्याको एकपक्षीय अध्ययन र निचोडमात्र सम्भव देख्दछ। त्यसैकारण बहुदृष्टि लगाई जटिल सामाजिक समस्याहरुको समग्रतामा अध्ययन गर्न मै अन्तर्विषयात्मक अध्ययनको महत्व रहेको छ (Repko & Szostak, 2017) ।

प्रकृतिका आधारमा Miller (1982) ले बहुविषयात्मक (Multidisciplinary), प्रतिविषयात्मक (Crossdisciplinary) र पराविषयात्मक (Transdisciplinary) गरी अन्तर्विषयात्मक अध्ययनका तीन आयाम हुने उल्लेख गरेका छन्। यस प्रकारको विश्लेषणमा अन्य आलोचकहरूपनि सहमत देखिन्छन् (Krishnan, 2009) । बहुविषयात्मक (Multidisciplinry) अध्ययन विधिमा दुई या दुईभन्दा बढि संस्थागत विषयको मिश्रण हुनेभएतापनि ती विषयहरुबीच आंशिक त्यो पनि स्वतन्त्र सहकार्य हुने गर्दछ। संस्थागत विषयहरुका दृष्टिकोण, विधि र सूचनाको अन्तरघुलन स्वतन्त्र र पातलो हुनेगर्छ । तह र प्रवृत्ति फरक परेतापनि प्रतिविषयात्मक अध्ययन (Crossdisciplinary Studies) मा भने विषयहरुबीचमा वास्तविक सहकार्य र एकिकरण हुन्छ। यस आयामले कुनै पनि जटिल समस्यासँग सम्बन्धित ज्ञान पत्ता लगाउन दुई या दुईभन्दा बढी संस्थागत विषयहरुको चयन, अन्तरघुलन र समग्र दृष्टिकोण निर्माण गर्नु अनिवार्य ठान्दछ । पराविषयात्मक अध्ययन (Transdisciplinary) विषयगत दृष्टिकोणभन्दा माथि उठेर दर्शन र विचारको तहमा रहन्छन् । यस लेखमा अन्तर्विषयात्मक अध्ययन (Interdisciplinary Studies) भन्नाले Miller (1982) ले व्याख्या गरेअनुसारका प्रतिविषयात्मक अध्ययन (Crossdisciplinary Studies) र बहुविषयात्मक (Multdisciplinary) अध्ययनका हाराहारी अर्थमा लिइएको छ । त्रिविमा ग्रामीण विकास विषयलाई बहुविषयात्मक भनी चिनाइएको छ (Singh, 2005) । तथापि

Kutumbha vani, Volume 6, Issue 1, November, 2025 ISSN 2616- 0331

बहुविषयात्मक अध्ययनका छुट्टै अध्ययन विधि व्याख्या नगरिएको र अन्तर्विषयात्मक अध्ययन (Interdisciplinary Studies) कै कोटीमा राखिएकोले यस लेखमा पनि सोही बमोजिम गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय मार्फत भइरहेका विद्यावारिधि तहका प्राज्ञिक अनुसन्धान हुन् या यसै अन्तरगतका विभिन्न विभागमार्फत सञ्चालन भइरहेका अनुसन्धानहरू हुन् । अन्तर्विषयात्मक अध्ययन त्रिविमा हाल आएर नयाँ र नौला विषय भने होइन । तथापि यसलेखको मुलभूत प्रश्न भनेको यसरी भइरहेका प्राज्ञिक अध्ययनहरू कुन अबस्थामा सञ्चालन भइरहेका छन् ? यस्ता अध्ययनहरुमा अन्तर्विषयात्मकता सम्बन्धि सिद्धान्तको कति अनुसरण भइरहेको छ ? सम्बन्धित अनुसन्धानकर्ताहरुले कस्ता समस्याहरू सामना गर्नु परिरहेको छ ? भन्ने नै हो । यहाँ यो उल्लेख गर्नु प्रासंगिक हुन्छ कि विभिन्न अध्ययनहरुले विश्वविद्यालयहरु, नीति प्रतिष्ठानहरू तथा अनुसन्धान निकायहरुमा हुने अन्तर्विषयात्मक अधययनले संज्ञानात्मक, विधिशास्त्रगत र संस्थागत झमेलाहरू व्यहोर्नु परेको कुरा देखाएका छन् (Benlahcene, Chatti, Hoque, Khal & Bakir, 2024; Purvis, Keding, Lewis & Northall, 2023; Newell, 2001) । यस्तो अबस्थामा त्रिविमा नवोदित विषयका रूपमा स्थापित ग्रामीण विकासजस्ता अन्तर्विषयात्मक ज्ञानशाखाहरू अन्तरगत हुने अध्ययनको प्रकृति र प्रवृत्ति कस्तो रहेको छ भन्ने प्रश्नमाथि छलफल हुनु जरुरी छ । राजनीतिशास्त्र, समाजशास्त्र लगायतका विषयहरू मुल ज्ञानशाखा भएको र यिनको तुलनामा ग्रामीण विकास विषय अन्तर्विषयात्मक अध्ययनकै रूपमा सञ्चालन भइरहेको अबस्थामा यस विषयमा भइरहेका अनुसन्धानहरुको अन्तर्विषयात्मकता विषयक अध्ययन झनै सान्दर्भिक हुनपुग्दछ ।

ग्रामीण विकास विषयको पाठ्यक्रमको बनावटले यस विषयको अन्तर्विषयात्मकता पुष्टि गरेतापनि यस अन्तरगतका प्राज्ञिक अध्ययनहरू कुन हदसम्म अन्तर्विषयात्मक छन् भन्ने बारे उतिको बहस भएको पाइँदैन । स्नातकोत्तर तथा विद्यावारिधि तहसम्मको अध्ययन तथा अनुसन्धान हुने भएपछि ती अनुसन्धानहरू कस्ता हुने, कस्ता प्रकृतिको हुने भन्ने विषयमा पनि चर्चा हुनु आवश्यक छ । यस लेखमा ग्रामीण विकास विषयमा हुने अनुसन्धानहरू अन्तर्विषयात्मक हुनु किन जरुरी छ र त्यस्ता अन्तर्विषयात्मक अनुसन्धान कसरी सञ्चालन भइरहेका छन् भन्ने विषयमा विश्लेषण गरिएको छ । यो लेख ग्रामीण विकास अन्तर्विषयात्मक ज्ञान शाखा हो भने यसमा हुने स्नातकोत्तर तथा विद्यावारिधि तहका प्राज्ञिक अध्ययनहरू पनि अन्तर्विषयात्मक नै हुनुपर्छ भन्ने मान्यता लिई तयार गरिएको छ । विभिन्न अध्ययनहरुमा अन्तर्विषयात्मक र बहुविषयात्मकलाई समानार्थी अवधारणाका रूपमा प्रयोग गरिएजस्तै (Miller, 1982) यस लेखमा पनि सोही बमोजिम गरिएको छ । यस लेखमा प्रकृति भन्नाले अध्ययनका लागि छनौट गरिएका विषयबस्तुलाई लिइएको छ भने प्रवृत्ति भन्नाले अध्ययनको प्रक्रियालाई लिइएको छ । त्यस्तैगरि अध्ययन शब्दको प्रयोग अध्ययन तथा अनुसन्धान (Studies and research) दुवै अवधारणालाई जनाउन गरिएको छ ।

## ग्रामीण विकास र अन्तर्विषयात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालयमा वि. सं. २०५८ सालमा स्थापित ग्रामीण विकास विषय स्थापनाको शुरुवातदेखि नै अन्तर्विषयात्मक अध्ययन भनेर चिनिन्छ । यसका संस्थापक प्रमुख प्रा. डा. महेन्द्र सिंहले ग्रामीण विकासका मुख्य विशेषताहरुमध्ये विभिन्न विषयहरुबाट खास खास विषयबस्तुहरू एकिकृत गरी एउटा समग्र अन्तर्विषयात्मक दृष्टि निर्माण गर्नु एक भएको बताएका छन् (Singh, 2005)। यो कुरालाई हालका विभाग प्रमुखको सन्देशले पनि पुष्टि गर्दछ । उनले त्रिवि मानविकी तथा सामाजिक शास्त्र संकायमा ग्रामीण विकास एक अन्तर्विषयात्मक विषय भएको र अन्तर्विषयात्मक दृष्टिकोणले समाज र विकासका विविध आयामलाई व्याख्या गर्ने उल्लेख गरेका छन् (CDRD, 2024)। ग्रामीण विकास विषयको अन्तरविषयात्मकता यसका उद्देश्यहरुले पनि पुष्टि गर्दछन् । विभागले विद्यार्थीहरुलाई अन्तर्विषयात्मक अध्ययनको सैद्धान्तिक ज्ञान दिलाउनु यस विषयको प्रमुख उद्देश्य भनी प्रष्ट्याएको छ । विभागको वेवसाइटमा उल्लिखित उद्देश्यहरुमध्ये नं ५ बुँदाले अन्तर्विषयात्मक विधिले व्यापक अर्थमा विकास र सुक्ष्म रूपमा ग्रामीण विकासका विभिन्न पक्षहरुको अध्ययन तथा अनुसन्धान गर्नु ग्रामीण विकास विषयको उद्देश्य रहेको उल्लेख गरेको छ (CDRD, 2024) ।

यस विषयको पाठ्यक्रमको संरचनाले पनि अन्तरविषयात्मकता पुष्टि गर्दछ । स्थापनाकालदेखि नै अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र र भूगोलजस्ता सामाजिक विज्ञानका संस्थागत ज्ञानशाखाहरू ग्रामीण विकास विषयका विषयगत घटकका रूपमा रहेका छन् । यी ज्ञानशाखाका अतिरिक्त वातावरण विज्ञान, इन्जिनियरिङ अध्ययन, तथ्याङ्कशास्त्र जस्ता विषयहरुका विषयबस्तु पनि पाठ्यांशका रूपमा समावेश भएको पाइन्छ । स्नातक तथा स्नातकोत्तर

Kutumbha vani, Volume 6, Issue 1, November, 2025 ISSN 2616- 0331

अनि एमफिल तह लगायत सबै तहको पछिल्लो समयको पाठ्यक्रमले यसको निरन्तरता दिएको देखिन्छ । स्नातक तहमा विकास अध्ययन, ग्रामीण अर्थशास्त्र, समाजशास्त्रजस्ता मुल ज्ञानशाखाहरू पाठ्यक्रममा राखिएको छ । त्यस्तै एमफिल तहको हकमा पनि गरिएको छ । पाठ्यक्रमलाई विकास या ग्रामीण विकास अध्ययन केन्द्रीत गर्दै यस तहमा पनि समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र जस्ता संस्थागत ज्ञानशाखाबाट पाठ्यांश तयार पारिएको छ (CDRD, 2024)। यसरी पाठ्यक्रमको सोलोडोलो मूल्यांकन गर्दा पनि ग्रामीण विकास विषय अन्तर्विषयात्मक देखापर्दछ।

यसरी त्रिविमा विगत करिब पच्चिस बर्षदेखि अध्ययन अध्यापन भइरहेको ग्रामीण विकास विषयमा स्नातकोत्तर तथा विद्यावारिधि तहमा प्रशस्त प्राज्ञिक अनुसन्धानहरू भइरहेका छन् । तथापि त्यस्ता अनुसन्धानहरुको प्रकृति र प्रवृत्ति कस्तो रहेको छ ? अध्ययन अध्यापन त अन्तर्विषयात्मक छ तर भइरहेका प्राज्ञिक अनुसन्धानहरू कति र कसरी अन्तर्विषयात्मक छन् ? भन्ने बारे ज्यादै कम बहस र छलफल भएको पाइन्छ । यस परिस्थितिमा ग्रामीण विकास विषयमा हाल भइरहेका विद्यावारिधि तहका अनुसन्धानहरुको अन्तर्विषयात्मकताको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ ।

यो लेख निम्न खण्डहरुमा विभक्त रहेको छ । दोस्रो खण्डमा अन्तर्विषयात्मक अध्ययनको अवधारणा तथा परिभाषाको व्याख्या तथा विश्लेषण गरिएको छ । यहाँ अन्तर्विषयात्मक अध्ययनको उद्देश्य, प्रवृत्ति तथा प्रक्रियाका बारेमा समेत प्रकाश पारिएको छ । तेस्रो खण्डमा यो लेख तयार पार्न अपनाइएको अनुसन्धान विधिको व्याख्या गरिएको छ । चौथो खण्ड यस अध्ययनको मुल खण्ड रहको छ जसमा अन्तरवार्ता विधिद्वारा संकलित सूचनाहरुको मद्दतले त्रिविमा ग्रामीण विकास विषयमा भइरहेका प्राज्ञिक अध्ययनहरुको अन्तरविषयात्मकताको लेखाजोखा प्रस्तुत गरिएको छ । पाँचौ तथा अन्तिम खण्ड अध्ययनको छलफल तथा निष्कर्ष रहने छ ।

## २. अन्तरविषयात्मकता : अवधारणा तथा परिभाषा

सन् सत्तरीको दशकबाट बहस र प्रयोग बढेको भएतापनि एक वा एकभन्दा बढि संस्थागत विषयहरुका दृष्टिकोण, सिद्धान्त तथा अनुसन्धान विधिहरुलाई एकिकरण गर्ने अन्तर्विषयात्मक अनुसन्धान प्रक्रियालाई पछिल्लो शताब्दीको महत्वपूर्ण प्राज्ञिक बहस मानिन्छ । एक्काइसौं शताब्दीमा विश्वविद्यालय, अनुसन्धान निकाय तथा सरकारी नीति निर्माताहरुले व्यापक रूपमा अपनाएका कारण केही आलोचकहरुले यसलाई नयाँ प्राज्ञिकता (New Academy) पनि भनेका छन् (Benlahcene, Chatti, Hoque, Khal & Bakir, 2024) । अन्य लेखकहरुले अन्तर्विषयात्मक अध्ययनलाई विश्वविद्यालय तथा अनुसन्धान निकायहरुले भविष्यमा अनिवार्य रूपमा अपनाउनुपर्ने अध्ययन शैली भनेर अर्थ्याएका छन् (Nastar, Boda & Olsson, 2018) । यस अर्थमा पनि अन्तर्विषयात्मक अध्ययन तथा अनुसन्धानको महत्व ठहर्छ ।

अन्तर्विषयात्मक अध्ययन तथा अनुसन्धानका पक्षधर प्रायः आलोचकहरुको मोटामोटी रूपमा एउटै दृष्टिकोण रहेको छ कि आजका समकालीन सामाजिक समस्याहरू जटिल प्रकृतिका छन् । जटिल प्रकृतिका समस्याहरू कुनै पनि परम्परागत संस्थागत विषयहरुको दायरा भित्र अटाउँदैनन् । त्यसैकारण आजका जटिल सामाजिक, आर्थिक, राजनीतिक तथा पर्यावरणीय समस्याहरुको अध्ययन र समाधानका उपायहरू अन्तर्विषयात्मक अध्ययन तथा अनुसन्धानबाट मात्र गर्न सकिन्छ (Bolger, 2020; Krishnan, 2009; Newell, 2001) ।

यस पृष्ठभूमिमा अन्तर्विषयात्मक अध्ययन तथा अनुसन्धानको अवधारणा एउटा बहुआयामिक अध्ययन प्रणालीको रूपमा देखापर्दछ । खासगरि जटिल सामाजिक तथा आर्थिक प्रणालीहरुको अन्वेषण गर्न सामाजिक शास्त्र र प्राकृतिक विज्ञानका बीच गरिने सहकार्यको रूपमा अन्तर्विषयात्मक अध्ययनलाई लिइएको छ (Schmidt, 2011) । यस अध्ययन प्रणालीलाई परम्परागत संस्थागत विषयशाखाका कमजोरीहरू सम्बोधन गरी मानिस, संस्था तथा राज्यहरुले दैनन्दिनमा भोग्नुपरिरहेका समस्याहरुको निराकरणका लागि आवश्यक नीतिगत सुझाव प्रस्तुत गर्ने नयाँ ज्ञानशाखाका रूपमा लिइएको पाइन्छ । अन्तरविषयात्मकताका अध्येताहरुमध्येका एक Miller (1982) ले सामाजिक शास्त्रको उत्पत्ति र विकासको प्रारम्भिक चरणदेखि नै विभिन्न ज्ञानशाखाहरुको एकिकरण (Interagation/Interdisciplinarity) कि विशिष्टिकरण (Specialization) भन्ने बहस रहेको बताएका छन् । उनका अनुसार सामाजिकशास्त्रका संस्थापक मध्येका एक अगस्ट कोम्टले एकिकृत सामाजिक शास्त्रको वकालात गरेका थिए । तर उनको विचार विपरित उन्नासौं शताब्दीभरि र विसौं शाताब्दीको मध्यसम्मै विशिष्टिकृत सामाजिक विज्ञानहरूजस्तै समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र आदि बन्ने क्रम जारी रह्यो । यतिहुँदाहुँदै पनि त्यसरी निर्माण भएका विशिष्टिकृत ज्ञान शाखाहरुले अपेक्षाकृत अध्ययन र नतिजा हासिल गर्न नसकेको भन्ने विश्लेषण गरियो । त्यसरी विशिष्टिकृत ज्ञान शाखाको आलोचकमध्येका प्राध्यापक Albion Small ले

अगष्ट कोम्ट मार्काको एकिकृत सामाजिक शास्त्रलाई *दायरा व्यापक भएतापनि गहिराइ नभएको* र पछि बनेका विशिष्टिकृत सामाजिक शास्त्रलाई *गहिराई भएतापनि दायरा नभएको* भनेर टिप्पणी गरेका छन् (Backer, 1968)। त्यस्तै R. S. Lynd ले समकालीन जटिल सामाजिक आर्थिक समस्याहरुको अध्ययन गरी समाजोपयोगी र मानवोपयोगी समाधान प्रस्तुत गर्न संस्थागत विषयहरू अक्सर असफल भएको टिप्पणी गरेका छन् (Miller, 1982)। यसै परिप्रेक्ष्यमा लचिलो किसिमको, प्रायोगिक ढाँचाको र जटिल समस्याहरुका साना साना अंश र समग्रता दुवै पक्षको अध्ययन गरी निष्कर्ष निकाल्ने अध्ययन तथा अनुसन्धान प्रणालीका रूपमा अन्तर्विषयात्मक अध्ययनलाई व्याख्या तथा विश्लेषण गरिएको पाइन्छ ।

अन्तर्विषयात्मक अध्ययनको परिभाषा दिनेक्रममा Hoidn (2018) ले Repko and Szostak (2017) लाई उद्धृत गर्दै *अन्तर्विषयात्मक अध्ययन भनेको एउटा लामो प्रक्रिया हो* भनेका छन् *जसले संस्थागत ज्ञानशास्त्रका विभिन्न शाखाहरुमध्ये कुनै एउटामात्र शाखाले विश्लेषण गर्न मुश्किल पर्ने कुनै वृहत या जटिल विषयबस्तु या समस्याको उत्तर खोज्ने र समाधान पहिल्याउने क्रममा मुल ज्ञानशाखाका सिद्धान्त, विधि तथा सूचनाहरुको प्रयोग गर्दछ र त्यस्तो समस्याको साङ्गोपाङ्गो जानकारी प्रस्तुत गर्दछ* । Newell (2001) ले पनि उपरोक्त परिभाषाकै हाराहारीमा अन्तर्विषयात्मक अध्ययनलाई प्रष्ट्याएका छन् । उनका अनुसार जब कुनै अनुसन्धानको प्रश्नको उत्तर परम्परागत विषयशाखाहरुमार्फत खोज्न मुश्किल हुन्छ अनि दुई या दुईभन्दा बढि संस्थागत विषयहरुको एकिकृत गठजोडको आवश्यकता पर्दछ । यो एकिकरणको प्रक्रिया भनेको समस्या या अनुसन्धानको प्रश्नलाई समष्टिमा बुझ्ने र बाहिरी दुनियाका समस्याहरुको समाधान पहिल्याउने प्रयास हो । अर्का अध्येता (Schmidt, 2011) ले अलिक व्यापक रूपमा परिभाषित गर्दै अन्तरविषयात्मकतालाई ज्ञान हासिल गर्ने प्रक्रियामा साध्य नभई साधन तथा माध्यमका रूपमा लिएका छन् । उनका अनुसार विभिन्न विषयगत विभाग या संस्थागत विषयहरुको गठबन्धनमार्फत जब कुनै सामाजिक समस्या हल गर्ने, नयाँ ज्ञान पहिल्याउने, समस्याबारेका बुझाइमा एकरूपता ल्याउने र आर्थिक सामाजिक समुन्नति हासिल गर्ने अनुसन्धानात्मक प्रयास गरिन्छ भने त्यहाँ अन्तर्विषयात्मक अध्ययनको आवश्यकता हुन्छ । उनले अन्तर्विषयात्मक अध्येताहरू समाजलाई बुझ्ने मात्र नभई यसलाई परिवर्तन गर्ने, ज्ञान विज्ञानको पुनसंरचना गर्ने, अनुसन्धान र विकास गर्ने लक्ष्य राख्दछन् भनेका छन् ।

अन्तर्विषयात्मक अध्ययन तथा अनुसन्धानलाई अलि व्यापक रूपमा विश्लेषण गर्ने अध्येता मध्येका एक Newell (2001) ले जटिल प्रणाली र घटनाक्रम हुनु यसका लागि अनिवार्य शर्त हुन् भनेका छन् । उनका अनुसार पछिल्लो समयका सामाजिक तथा आर्थिक राजनीतिक प्रणालीहरू जटिल प्रणालीहरू हुन् । यस्ता घटनाहरू पनि जटिल प्रकृतिकै हुन्छन् । ती प्रणाली विभिन्न सूक्ष्म तथा वृहत् सामाजिक, राजनीतिक, आर्थिक, भौतिक आदि पक्षहरुको संघटकका रूपमा रहन्छन् । ती विभिन्न संघटकहरुले त्यस्तो प्रणालीको निर्माण गर्दछन् जो स्वनिर्मित, स्वतन्त्र तर अस्थिर, अनुमान लगाउन नसकिने र गतिशील चरित्रको हुन्छ । उनका अनुसार अन्तर्विषयात्मक अध्ययनले ती विभिन्न घटकहरुको गहिरो विश्लेषण गर्नु पर्छ साथसाथै समग्र प्रणालीमाथि पनि दृष्टि पुर्‍याउनुपर्दछ । उनी भन्छन्, अन्तर्विषयात्मक अध्ययनको अन्तिम उद्देश्य भनेको बाहिरी संसारमा विद्यमान समकालीन विविध प्रकृतिका प्रणालीहरुभित्र रहेका साना साना प्रणाली या विषयहरुको अध्ययन गर्नु हो (पे. २) ।

अन्तर्विषयात्मकताबारेका अध्येताहरुले यो अध्ययन प्रणालीका केही खास विशेषताहरुको उल्लेख गरेका छन् । Miller (1982) का अनुसार अन्तर्विषयात्मक अध्ययन खुला र लचिलो किसिमको अध्ययन पद्धति हो । उनका अनुसार यस अध्ययन प्रणालीका प्रमुख दुई तत्वहरू हुन्छन् । एक: विषयात्मक बुझाई । दुईः विषयात्मक बुझाईबीचको सहकार्य र एकिकरण । यस अनुसार संस्थागत विषयहरुको गहिरो बुझाई हुनु र ती बुझाईहरुलाई कसरी जोड्ने, कसरी संवाद गराउने र एउटा छुट्टै दृष्टिकोण निर्माण गर्ने भन्ने सीप या कला सम्बन्धित अध्ययनकर्तामा हुनुपर्दछ । त्यस्तै Schmidt (2011) ले अन्तरविषयात्मकतालाई समस्या केन्द्रीत हुने हुनाले अध्ययन विधिको चयनमा कुनै छेकबार नहुने भनी व्याख्या गरेका छन् । उनले अन्तर्विषयात्मक अध्ययन गर्न चाहने अनुसन्धानकर्ताहरुमा मुल विषयका सिद्धान्त, विधि र सूचनामा दख्खल र पहुँच, विभिन्न दृष्टिकोणहरुबीच संवाद गराउन सक्ने खुबी, भाषागत दक्षता र समस्यालाई बहुआयामिक तौरमा बुझ्न र विश्लेषण गर्नसक्ने क्षमता आवश्यक पर्ने औंल्याएका छन् ।

Kutumbha vani, Volume 6, Issue 1, November, 2025 ISSN 2616- 0331

विभिन्न अध्ययनहरुमा अन्तर्विषयात्मक अध्ययन कसरी गर्ने भन्नेबारे यसका चरणहरुको विश्लेषण गरिएको पाइन्छ । सैद्धान्तिक र व्यावहारिक दुवै कसीमा उपर्युक्त भएकाले Repko and Szostak (2017, P. 156) र Newell (2001) का दृष्टिकोणहरू तल कोष्ठकमा दिइएको छ ।

**अन्तर्विषयात्मक अध्ययनका चरणहरू**

**A. Drawing on Disciplinary Insights**

1. Drawing on problem or state the research questions
2. Justify using an interdisciplinary approach
3. Identify relevant disciplines
4. Conduct the literature research
5. Develop adequacy in each relevant discipline
6. Analyze the problem and evaluate each insight or theory

**B. Integrating Disciplinary Insights**

1. Identify conflicts between insights and their sources
2. Create common grouds between insights
3. Construct a more comprehensive understanding
4. Reflect on, test, and communicate the understanding

**Source: [Repko and Szostak (2017, P. 156)]**

**अन्तर्विषयात्मक अध्ययनका चरणहरु**

**A. Drawing on Disciplinary Perspectives**

1. *Defining* the problem (question, topic, issue)
2. *Determining* relevant disciplines (interdisciplines, schools of thought)
3. *Developing* working command of relevant concepts, theories, methods of each disciplines and *Gathering* all current disciplinary knowledge
4. *Searching* for new information
5. *Generating* disciplinary insights into the problem

**B. Interating Disciplinary Insights**

6. *Indentifying* conflicts in insights by using disciplines to illuminate each other's assumptions, or by looking for different terms with common meanings, or terms with different meanings and *Evaluating* assumptions and terminology in the context of the specific problem

Kutumbha vani, Volume 6, Issue 1, November, 2025 ISSN 2616- 0331

7. *Resolving* conflicts by working towards a common vocabulary and set of assumptions and *Constructing* a new understanding of the problem

8. *Creating* a common ground

9. *Producing* a model (metaphor, theme) that captures the new understanding

10. *Testing* the understanding by attempting to solve the problem

**Source: Newell (2001**

यसरी विभिन्न विद्वानहरुले व्याख्या गरेका अवधारणा, परिभाषा र व्याख्याहरू हेर्दा अन्तर्विषयात्मक अध्ययनलाई कुनै दुई या दुईभन्दा बढि संस्थागत विषयलाई एकिकरण गरेपश्चात एउटा छुट्टै साझा दृष्टिकोण निर्माण गरी समसामयिक समस्याहरुको अध्ययन गर्ने एक वैज्ञानिक अध्ययन पद्दतिको रूपमा लिन सकिन्छ । यो एक लचिलो र संयोजनकारी अध्ययन पद्दति हुँदाहुँदै पनि संस्थागत विषयमाथिको पकड राख्नु, संस्थागत विषयका दृष्टिकोणहरुबीचमा समझदारी निर्माण गर्नु, नयाँ, साझा र समग्र दृष्टिकोण निर्माण गर्नु जस्ता चुनौति यस अध्ययनका रहेका छन् (Russel, 2022) ।

## २. अध्ययन विधि र सामग्री

यो लेख ग्रामीण विकास अन्तरविषयक विषय भएको कारण यस अन्तरगत हुने अध्ययनहरू अन्तर्विषयात्मक नै हुनुपर्छ भन्ने मान्यता लिई अगाडि बढाइएको छ । यसरी अन्तर्विषयात्मक अध्ययनहरुले अन्तर्विषयात्मकताकै शोध विधि या चरणहरू अवलम्बन गर्न सकेको खण्डमा तिनीहरुले गर्ने विषयगत या संज्ञानात्मक योगदान लेखाजोखा योग्य हुनसक्छ भन्ने मान्यता यो लेखको रहेको छ ।

यो अध्ययनको उद्देश्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगत पठनपाठन भइरहेको ग्रामीण विकास विषयमा विद्यावारिधि तहमा भइरहेका अध्ययन अनुसन्धानहरुको प्रकृति र प्रवृत्ति अन्तर्विषयात्मक छ छैन ? छैन भने किन र छ भने कसरी कुन अबस्थामा छ भन्ने विश्लेषण गर्नु रहेको छ । ग्रामीण विकास विषयमा भइरहेका अध्ययन अनुसन्धानहरू अन्तर्विषयात्मक छन् छैनन् भन्ने कुरा बस्तुगत हिसाबले नभई विषयगत हिसाबले मात्र बुझ्न सकिन्छ भन्ने धारणा यस अध्ययनको रहेको छ । यो समस्या यस विषयमा पठनपाठन गराइरहेका प्राध्यापकहरू या अध्ययन अनुसन्धानमा संलग्न विद्यार्थीहरुको धारणा या दृष्टिकोणको आधारमा मात्र ठहर गर्न सकिने कुरा हो । यसका अतिरिक्त पूर्व प्रकाशित सामाग्री जस्तै पुस्तक, अनुसन्धानमुलक लेख रचना, अन्तरवार्ता, विषयगत पाठ्यक्रम इत्यादिको विश्लेषणबाट पनि केही मात्रामा यस अध्ययनको मुलभूत प्रश्नमाथि छलफल गर्न सकिन्छ । यसको अर्थ के हो भने ग्रामीण विकास विषयमा भइरहेका अध्ययन अनुसन्धानहरुको अन्तरविषयात्मकता बस्तुगत नभइ व्यक्ति/आत्मगत कुरा हो । यो सजिलै मापन गर्न सकिने, परिमाणमा बदल्न सकिने र गणितीय विधिले विश्लेषण गरी निष्कर्ष निकाल्न सकिने समस्या होइन । यस अर्थमा ग्रामीण विकास विषयका उल्लेखित सरोकारवालाहरुको वैयक्तिक दृष्टिकोण र पूर्व प्रकाशित सामग्रीलाई व्याख्या विश्लेषण गरी यस अध्ययनको मुलभूत प्रश्नको जवाफको खोजी गरिने भएकाले यस अध्ययनलाई व्याख्यात्मक उपागम अन्तरगत तयार पारिएको छ ।

यस हिसाबले यो अध्ययनमा द्वितीयक तथा प्राथमिक दुवै प्रकारका सूचनाहरुको गुणात्मक व्याख्या विश्लेषण गरिएको छ । प्राथमिक सूचना ग्रामीण विकास विषयका विद्यावारिधि स्नातकहरुबाट लिइएको छ । अध्ययनका लागि विविध दृष्टिकोण समावेश हुन् भन्ने उद्देश्यले त्यस्ता विद्यावारिधि स्नातकहरुलाई स्नातक भइसकेका, त्रिवि मानविकी तथा सामाजिक शास्त्र संकायमा पूर्व प्रस्तुति दिइसकेका र विद्यावारिधि अनुसन्धानको प्रक्रिया अगाडि बढाइरहेका ग्रामीण विकासशास्त्री (Rural Developmentalists/RDans) मध्येबाट छनौट गरिएको छ । यो छनौट प्रक्रियालाई सकेसम्म लैंगिकता र आवद्धताका हिसाबले सन्तुलन मिलाइएको छ । सहभागिताका हिसाबले त्रिविका आंगिक तथा अन्य क्याम्पसहरुमा कम्तिमा स्नातकोत्तर तहमा पठनपाठन गराइरहेका प्राध्यापकहरू र अध्ययन पेशा भन्दा बाहिर अन्य सीप मुलक व्यावसायमा आबद्धहरुको यस अध्ययनमा सहभागिता रहेको छ । सहभागी छनौट पद्धति उद्धेश्यमुलक विधिमा आधारित छ । अध्ययनमा सहभागी प्राध्यापकहरुको ग्रामीण विकासबारेको दृष्टिकोण पनि यस अध्ययनमा आंशिक रूपमा समावेश छ ।

Kutumbha vani, Volume 6, Issue 1, November, 2025 ISSN 2616- 0331

यस अध्ययनमा जम्मा नौ जना सहभागी आबद्ध भएका छन् । आवद्धताको कसी भने गुणात्मक पद्दति अन्तरगतको संतृप्ति विधि रहेको छ । यस अनुसार नमुनामा आवद्ध हुनसक्ने जनसंख्या मध्ये कुनै दुईजनालाई सोद्देश्यमुलक ढंगले छनौट गरी अन्तरर्वार्ता गरियो । उक्त दुई अभिभावक नमुना (Parent sample) ले अन्तरवार्ताको क्रममा प्रस्तुत गरेका दृष्टिकोणहरुलाई गहिरो अध्ययन पश्चात कोड र कोडहरुको संयोजनबाट विषयहरू निर्माण गरिएको थियो । त्यसरी निर्माण भएका विषयहरुलाई संतृप्त तुल्याउन बाँकी अन्तरवार्ताहरू गरियो । नौ वटा अन्तरवार्ता गरिसकेपश्चात शुरुमा निर्माण भएका विषयहरू संतृप्ति भएको पाइएकोले अन्य थप अन्तर्वार्ता गर्न आवश्यक ठानिएन । अन्तरवार्ता सुन्ने र उतार गर्ने क्रममा प्रारम्भको एक र अन्य एक गरी दुईजना सहभागीसँगको वार्ता ज्यादै छोटो र अस्पष्ट भएकोले यस अध्ययनमा विश्लेषणको प्रयोजनार्थ राखिएको छैन । अध्ययनमा सहभागी जम्मा सात जना उत्तरदाताहरुलाई उनीहरुको सहमती समेत लिई P1 देखि P7 सम्मको कोड नाम दिई परिचय गोप्य राखिएको छ ।

अन्तरवार्तामा सहभागी उत्तरदाताहरुलाई लामो अन्तरवार्ता लिइएको थियो । यस्ता अन्तरवार्ताको समय अवधि घटीमा एकतिस मिनेट देखि बढिमा एक घण्टा उनान्साठी मिनेटसम्म रहेको थियो । अन्तरवार्ता खुला थियो यद्यपी अध्ययनकर्ताले बिचबिचमा प्रश्नहरू राखेर सहभागीलाई विषय केन्द्रीत गराएका थिए । यसमा सोधिएको मुल प्रश्न भने ग्रामीण विकास विषयमा तपाइँले गरिराख्नुभएको विद्यावारिधि तहको अनुसन्धान कुन विषयबस्तुमा, कसरी गरिराख्नुभएको छ ? अनुसन्धानका क्रममा अनुभव गरेका सहज तथा असहज परिस्थिति के कस्ता थिए छन् ? भन्ने रहेको थियो ।

द्धितीयक स्रोतहरुमा इन्टरनेटका माध्यमबाट विभिन्न डाटावेसमा सामाविष्ट सामग्री रहेका छन् । खासगरि ग्रामीण विकास केन्द्रीय विभाग र जनसंख्या केन्द्रीय विभागको वेवसाइट, ग्रामीण विकास विषयका अघिल्ला तथा पछिल्ला पाठ्यक्रमहरू र विषयगत केही लेखहरूयस अन्तरगत परेका छन् ।

अन्तरवार्ता र द्धितीयक स्रोतका माध्यमबाट प्राप्त ग्रामीण विकास विषयका सरोकारवालाहरुको दृष्टिकोणलाई सामग्री विश्लेषण (Content Analysis) विधिद्धारा विश्लेषण गरिएको छ । अध्ययनमा सहभागी उत्तरदाताहरुको दृष्टिकोण सामग्री विश्लेषण विधिद्धारा गर्न अन्तर्विषयात्मक अध्ययन सम्बन्धि पूर्वकार्यको समीक्षामार्फत प्राप्त विभिन्न छ वटा विषयहरू तयार पारिएको थियो । सहभागीहरुसँग मोटामोटी रूपमा यिनै छ वटा विषयहरुको वरिपरि अन्तरवार्ता गरिएको थियो । त्यसरी प्राप्त उनीहरुको दृष्टिकोणलाई प्रशोधन गरी जम्मा चार वटा विषयहरू मूल शिर्षक अन्तरगत राखेर तल विश्लेषण गरिएको छ । यी मुल विषय शिर्षकहरू स्पष्ट छ चरणहरू अपनाई तयार पारिएको छ । उक्त चरणहरुमा १) अन्तरवार्ता २) रेकर्ड सुन्ने ३) रेकर्ड उतार्ने ४) गहिरो अध्ययन र प्राम्भिक कोडिङ ५) प्रारम्भिक कोडहरुको सामुहिकीकरण, र ६) विषयगत शिर्षक निर्माण रहेका थिए । द्धितीयक स्रोतबाट प्राप्त सूचनाको विश्लेषण पनि यही विधि अनुरूप गरिएको छ । विश्लेषण नविनतम एनभिभो जस्ता सप्टवेयर प्रविधिहरुको प्रयोग नगरी परम्परागत रूपमा लेखक आफैंद्धारा गरिएको छ ।

## ३. प्रस्तुति र विश्लेषण र छलफल

लेखको यस खण्डमा अन्तरवार्ता र द्धितीयक सामग्रीको अध्ययन तथा प्रशोधन गरी ग्रामीण विकास विषयमा भइरहेका विद्यावारिधि अध्ययनहरुमा अन्तर्विषयात्मकताको अबस्थालाई प्रस्तुति र विश्लेषण गरिएको छ । अन्तरवार्ताका क्रममा प्राप्त सूचनालाई मुलतः अन्तर्विषयात्मकताको बोध, प्रक्रिया, शोध निर्देशक छनौट र संस्थागत भूमिका गरी जम्माजम्मी चार विषयहरुमा विभक्त गरी विश्लेषण तथा छलफल गरिएको छ ।

### *३.१ अन्तर्विषयात्मकताको बोध*

सहभागीहरुले आफूले उपाधी लिने ग्रामीण विकास विषय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगतका अन्य विषयहरुभन्दा भिन्न हो भन्ने स्पष्ट चेतना रहेको तर विद्यावारिधि अध्ययनको अन्तरबिषयात्मकताबारे भने कम बुझाइ भएको आभाष दिएका छन् । विद्यावारिधिको अनुभव सुनाउने क्रममा उनीहरुले *ग्रामीण विकासजस्तो विषयमा, यो विषय अरुजस्तो त होइन, अरुभन्दा अलिक फरक भएकोले, यो त विषय नै फरक छ, ग्रामीण विकास विषयको दायरा* जस्ता शब्दावलीको बारम्बार प्रयोग गरी यस विषयको भिन्नताबारे आफूहरुलाई बोध भएको जनाएका छन् । विद्यावारिधि अध्ययनका बारे कुराकानी गर्ने क्रममा भने कुनै पनि सहभागीले आफ्नो अध्ययनलाई जनाउन *अन्तर्विषयात्मक अध्ययन* या *अन्तर्विषयात्मकता* जस्ता शब्दावलीको प्रयोग गरेका छैनन् ।

सहभागीहरुले अन्तर्विषयात्मक अध्ययनको बोध प्रकट नगरेको अबस्थामा *ग्रामीण विकास विषय अन्तर्विषयात्मक हो भनेर मानिन्छ भने यस अन्तरगत तपाइँले गरेको विद्यावारिधि कसरी कहाँ नेर अन्तर्विषयात्मक भयो त ?* भन्ने प्रश्न गरिएको थियो । जवाफमा सहभागीहरुले *ग्रामीण विकास यसै पनि अन्तर्विषयात्मक हो* (P1), *अन्तर्विषयात्मक नभई मेरो अध्ययन नै पुरा हुँदैन* (P6), *मेरो शिर्षकले नै अन्तर्विषयात्मकता माग गर्दछ* (P3), *मैले विभिन्न मुल ज्ञानशाखाका सूचकहरू प्रयोग गरेको* (P4), *आफूसँग ग्रामीण विकासका अलावा मुलज्ञान शाखामा पनि डिग्री रहेको* (P5) जस्ता अनुभव सुनाएका थिए ।

विषयको अन्तर्विषयात्मकता बोध हुँदाहुँदै पनि विद्यावारिधि अध्ययनमा त्यसको उपस्थिति कसरी र किन आवश्यक हुन्छ भन्नेबारे सहभागीहरुले अनुभब स्पष्ट पार्न सकेको देखिंदैन । यसमा उनीहरुले *सो सम्बन्धी पाठ्यक्रम नभएको* (P1), *कक्षामा पनि प्राध्यापकहरुले नबताएको* (P1), *शोध निर्देशकबाट पनि त्यस सम्बन्धी निर्देशन प्राप्त नभएको* (P3) *र छलफल पनि नभएको* (P6) उल्लेख गरेका छन् ।

### ३.२ अध्ययन प्रक्रियामा अन्तर्विषयात्मकता

अध्ययनमा सहभागीहरुको विद्यावारिधि अध्ययनको अनुभव विश्लेषण गर्दा अध्ययन प्रक्रियाबारे तीन किसिमका मुल प्रवृत्ति देखापर्दछन् । १. आंशिक बोधबाट गराई २. प्रक्रियाबाट आंशिक बोध ३. न बोध, न प्रक्रिया । यी तीन प्रवृत्तिहरुको विश्लेषण तल दिइएको छ ।

**क. आंशिक बोध आंशिक अन्तर्विषयात्मकताः** यस प्रवृत्ति अन्तरगत सहभागीहरुले अध्ययन प्रारम्भ गर्दाकै समयबाट नै ग्रामीण विकास विषयको अन्तर्विषयात्मकताका बारेमा मोटामोटी जानकारी राखेतापनि अन्तर्विषयात्मक अध्ययन पद्दतिबारे भने आंशिक जानकारी मात्र राख्तछन् । तसर्थ उनीहरुको अध्ययन कुनै सीमित खण्डमा अन्तर्विषयात्मक हुनपुग्छ । अध्ययनमा सहभागी P4 को अनुभवमा यो प्रवृत्ति देख्न सकिन्छ :

> *मैले त के गरें भने मेरो अध्ययन पर्यटनसँग सम्बन्धित भएकोले यो आफैंमा अन्तर्विषयात्मक विषय हो भन्ने मलाई थाहा थियो । मैले शिर्षक चयन गर्दा नै अनुभव र मेरो विविध विषयको ज्ञान, बुझाईका आधारमा गरेको हुँ । जुन मैले अध्ययनको क्रममा पर्यटनको समस्यालाई छ वटा आयामबाट हेरेको छु । त्यसमा अर्थशास्त्र, समाजशास्त्र, संस्कृति, शिक्षा, धर्म र भूगोल परेका छन् । मैले प्रश्नावली पनि यिनै आयामसँग सम्बन्धित बनाएँ । र यी आयाम र पर्यटनबीचको सम्बन्ध परिमाणात्मक विधिद्वारा हेरें । ...प्राप्त नतिजाको आधारमा मैले पर्यटनको अबस्थाबारे व्याख्या गरें ।*

यी सहभागीले अध्ययनको विषयबस्तुको अन्तर्विषयात्मकता बोध गरे तापनि प्रक्रियाका दौरान भने अन्तर्विषयात्मकताको आवश्यकतालाई परिभाषित गर्ने, संस्थागत विषयका दृष्टिकोणहरुको व्याख्या गर्ने लगायत Repko and Szostak (2017) र Newell (2001) ले बताएअनुसारका अन्तर्विषयात्मक अध्ययनका चरणहरुको अवलम्बन गरेको देखिंदैन ।

सहभागी P6 ले पनि आफ्नो विद्यावारिधिमा अन्तर्विषयात्मकताको आंशिक बोध गरेको पाइएको छ । उनले अध्ययनको विषय चयन, समस्या कथन र सिद्धान्तको चयन एवम् प्रयोगमा अन्तर्विषयात्मकता अपनाएको देखिन्छ । विषय र समस्या चयनबारेको उनको अनुभव यस्तो रहेको छः

> *बाटोमा आउनेजाने क्रममा शहरभित्रका घना बस्तीको अबस्थाका बारेमा मनमा प्रश्न उठ्नथाल्यो । शहरभित्र छ कुनै एउटा बस्ती तर त्यसको चरित्र या अबस्था हेर्दा ग्रामीण बस्तीजस्तो लाग्दछ । त्यस्ता बस्तीभित्र कुनै घरको बनावट, वरपरको कृषि, मानिसहरुको दिनचर्या ग्रामीणजस्तो लाग्दछ । अब त्यो बस्तीलाई कसरी परिभाषित गर्ने ? गाउँ भनौं शहरभित्र छ, शहर भनौं शहरको परिभाषाभित्र अटाउँदैन । यहाँबाट मैले विषयबस्तु पाए झैं लाग्यो र अध्ययन अगाडि बढाएँ ।*

यी सहभागीले विद्यावारिधि अध्ययनको समस्यालाई कुनै दुई चरहरुबीचको अन्तरसम्बन्ध या कुनै क्षेत्र या घटनाको अबस्था या प्रभाव मूल्यांकनका रूपमा व्याख्या नगरेर Newell (2001) ले भनेजस्तै जटिलताको अनुभवबाट अगाडि बढाएको देखिन्छ । उनले जटिल प्रणालीले कसरी काम गरिरहेको छ ? कुन अवयवको त्यसमा कस्तो भूमिका रहेको छ ? ती अवयवहरु बीचमै पनि अन्तरसम्बन्धको जटिलता कुन प्रकारको छ र त्यसले समग्र जटिल प्रणालीलाई कसरी कुन

हदसम्म परिचालन गरिरहेको छ भन्ने विश्लेषण गर्ने काम अन्तर्विषयात्मक अध्ययनको हो भनी व्याख्या गरेका छन् । यति हुँदाहुँदै पनि अध्ययनको सैद्धान्तिक संरचनाको पहिचान गर्ने क्रममा मात्र अन्तर्विषयात्मकताको बोध भएको झल्को P6 ले दिएका छन् ।

यसका अतिरिक्त सहभागी P6 ले अन्तर्विषयात्मक अध्ययनको साझा शब्दभण्डार र भाषा शैलीको समेत बोध गरेको पाइएको छ । उनकै शब्दमाः

> *धेरै विषय हाम्रो अध्ययनमा जोडिएर आउँदा रहेछन् । गर्दैजाँदा मलाई त्यो थाहा भयो । धेरै विषयका दृष्टिकोणलाई मिलाएर आफ्नो दृष्टिकोणमा ढाल्नु सजिलो छैन । त्यही भएर PhD लाई समय पनि बढी लाग्दो रहेछ । अरु विषय जस्तै अर्थशास्त्रको समाजशास्त्रको जस्तो भाषा सजिलो सरल एकोहोरो भाषा हाम्रो हुँदैन । हामीले त अर्थशास्त्र, समाजशास्त्र अर्को कुनै विषयको भाषा बुझेर अनि ग्रामीण विकासको भाषा बनाएर लेख्नु पर्यो । ...कतापटि ढल्किने...अर्थशास्त्री भएर त भएन...समाजशास्त्री भएर त भएन...।*

यी सहभागीका अनुसार ग्रामीण विकास विषयमा विद्यावारिधि अध्ययन गर्न अरु विषयको जस्तो सजिलो छैन । *पहिलो वाक्यबाटै जटिलता* महसुस हुन्छ ।

**ख. प्रक्रियाबाट आंशिक बोधः** अध्ययनमा सहभागीहरुले शिर्षक चयन, शोध निर्देशक चयन पश्चात जब पूर्वकार्यको समीक्षा या तथ्याङ्क संकलनका औजारहरू निर्माण या तथ्यांक विश्लेषणको चरणमा पुगेर अन्तर्विषयात्मकताको आवश्यकता बोध गरेको देखिन्छ । उक्त बोधपछिका बाँकी चरणहरूफेरि अन्तर्विषयात्मक प्रक्रियाले निरन्तरता नपाएको देखिन्छ । सहभागी P3 को भनाइबाट यो प्रवृत्तिको व्याख्या गर्न सकिन्छ ।

> *नेतृत्व अध्ययन राजनीतिशास्त्रको पनि विषय हो व्यबस्थापन अध्ययनको पनि विषय क्षेत्र हो । पूर्वकार्यको समीक्षा गर्दैगर्दा मलाई यो कुराको महसुस भयो । पूर्वकार्यको समीक्षा गर्दा नेतृत्व सम्बन्धि केही मोडेल फेला परे जुन व्यबस्थापन अध्ययनमा प्रयोग भएका पाइए । तिनलाई पछि सर्भेको दौरानमा प्रश्नावली बनाउँदा लागू गरें । जहाँ नेतृत्वको अभ्याससँग सम्बन्धित प्रश्नहरू व्यबस्थापनका सिद्धान्तबाट लिएको छु । स्थानीय शासनसँग सम्बन्धित प्रश्नावलीहरू चैं राजनीतिशास्त्रका शासन सम्बन्धि सिद्धान्तहरुका अनुसार बनाएँ ।*

पूर्व अध्ययनहरुले देखाएका छन् कि समस्या पहिचानकै चरणदेखि अन्तरबियात्मकताको बोध हुनु आवश्यक छ (Newell, 2001) । यसले समस्याको जटिल संरचना र त्यससँग जोडिएका विभिन्न संस्थागत विषयगत आयामहरुको पहिचान गर्न पनि मद्दत पुर्‍याउँछ । र, अध्ययनकर्तालाई विषयको छनौट, समस्याकथन र उद्देश्य निर्माण गर्न संस्थागत विषयका दृष्टिकोणहरू कहाँ र कसरी सहयोगी हुन्छन् भनी व्याख्या गर्न सहज हुन्छ । तर यस अध्ययनमा सहभागीहरुमध्येका P3 ले भने पूर्वकार्यको समीक्षाका दौरानमात्र आफ्नो विषयको अध्ययन गर्न दुई भिन्न संस्थागत विषयमा प्रतिपादित सिद्धान्त चाहिने रहेछ भन्ने महसुस गरेका थिए । त्यसको प्रयोग उनले कम्तिमा प्रश्नावली निर्माणको चरणसम्म गरेको पाइएको छ ।

अध्ययनमा सहभागी P2 र P5 ले शोध निर्देशक छनौटको चरणमा संस्थागत विषय विज्ञको आवश्यकता बोध गरेका छन् । तर सहभागीहरुले ती शोध निर्देशकबाट संस्थागत विषयका दृष्टिकोण र तथ्याङ्कसँग एकिकरणलगायतका पक्षहरुमा भन्दा उनीहरुको *अध्ययन ग्रामीण विकास मैत्री भयो भएन* भन्नेमा निर्देशन प्राप्त भएको बताएका छन् ।

### *ग. न बोध न प्रक्रिया*

यस प्रवृत्तिमा शोधार्थीहरुले आफ्नो अध्ययनको विषयबस्तुलाई कुनै पनि चरणमा अन्तर्विषयात्मक अध्ययनको दायरामा नल्याई समतल हिसाबले अध्ययनलाई अगाडि बढाएको देखिन्छ । समतल भन्नाले सहभागीहरुले गरेको अध्ययन संस्थागत विषयको हो वा ग्रामीण विकासजस्तो अन्तर्विषयात्मक विषयको हो भनेर नछुट्टिने भन्ने हो । यस्ता अध्ययनहरू संस्थागत विषयका अध्ययनभन्दा कुनै मानेमा पनि फरकजस्ता लाग्दैनन् । थप कुरा के पनि पाइएको छ भने सहभागीहरुले आफ्नो अध्ययन ग्रामीण विकासको सैद्धान्तिक, विषयात्मक या समस्याकेन्द्रीत कुनै पनि दायराभित्र परेको भनी व्याख्या विमर्श गर्दैनन् । कुनै ग्रामीण क्षेत्रको विषय लिने या कुनै पनि क्षेत्रको विषयलाई ग्रामीण बिकासको विषयका रूपमा परिभाषित गरी विषयात्मक अध्ययन गर्दा परम्परागत जुन प्रक्रिया अपनाइन्छ सोही बमोजिम अगाडि बढ्ने प्रवृत्ति यसमा पाइन्छ ।

Kutumbha vani, Volume 6, Issue 1, November, 2025 ISSN 2616- 0331

त्यसैले ग्रामीण विकास विषयमा हुने केही विद्यावारिधिहरू न बोध न प्रक्रिया कुनै पनि चरणमा अन्तर्विषयात्मक नभएको अबस्था देखापर्दछ । यस अध्ययनका अधिकांश सहभागीहरुले अन्तर्विषयात्मकताबारे अनभिज्ञता प्रकट गरेका थिए । उनीहरुका *ग्रामीण विकास यसै पनि अन्तर्विषयात्मक हो* (P1), *अन्तर्विषयात्मक नभई मेरो अध्ययन नै पुरा हुँदैन* (P6), *मेरो शिर्षकले नै अन्तर्विषयात्मकता माग गर्दछ* (P3), *मैले विभिन्न मुल ज्ञानशाखाका सूचकहरूप्रयोग गरेको* (P4), *आफूसँग ग्रामीण विकासका अलावा मुलज्ञान शाखामा पनि डिग्री रहेको* (P5) जस्ता भनाइले यो पुष्टि गर्दछ ।

### ३.३ शोध निर्देशक छनौट र संस्थागत विषयविज्ञसँगको अन्तरसंवाद

विभिन्न अध्ययनहरुले अन्तर्विषयात्मक अध्ययनहरुमा अन्तरसंवादको विशिष्ट भूमिका रहेको बताएका छन् (Scott & Hofmeyer, 2007; Krishnan, 2009; Hoidn, 2018) । यस्तो अन्तरसंवाद मुलतः शोधार्थीले शोध निर्देशकसँग, समकालीन शोधार्थीसँग, अध्ययनका लागि आवश्यक पर्ने संस्थागत विषयका सूचना, विधि र सिद्धान्तसँग हुने बताइएको छ । अन्तरसंवादका लागि शोधार्थीसँग संस्थागत विषयको ज्ञानका साथै त्यसका भाषा, सूचना र सिद्धान्तमा पहुँच हुनु आवश्यक ठानिन्छ । उदाहरणका लागि कुनै अन्तर्विषयात्मक शोधार्थीले पर्यापर्यटन (Ecotourism) मा जनसहभागिताको अबस्थाको अध्ययन गर्दैरहेछ भने उसले विकास अध्ययनको भाषाका अतिरिक्त समाजशास्त्र, मानवशास्त्र र राजनीतिशास्त्रको भाषा समेत बुझ्नुपर्ने हुन्छ । भाषा बुझ्नु भनेको माथि भनिएझैं ती संस्थागत तथा अन्तर्विषयात्मक विषयका पदावली, सिद्धान्त, सूचना आदि ज्ञानको ग्रहण र अभिव्यक्त गर्न सक्ने सीप हुनु हो (Scott & Hofmeyer, 2007) । अन्तर्विषयात्मक अध्ययनका विज्ञहरुले शोधार्थीका अलावा शोध निर्देशकसँग पनि त्यो क्षमता हुनुपर्ने औंल्याएका छन् (Weingart, 1997) । शोध निर्देशकसँगको संवाद सबैभन्दा महत्वपूर्ण हुने यस्ता अध्ययनहरुले बताएका छन् ।

अन्तरवार्तामा सहभागीहरुले शोध निर्देशकको छनौट गर्दा सहजतालाई आधार बनाएको बताएका छन् । सहजता भन्नाले उनीहरुले *भेट्न सजिलो हुने* (P1), *सहयोग पाउने* (P1, P3, P5), *फोन उठाउने* (P2, P5), *ग्रामीण विकास विषयको मर्म बुझेको प्राध्यापक* (P1, P5, P6) इत्यादिलाई लिएका छन् । *त्यस्ता निर्देशकले ग्रामीण विकासको उद्देश्य, अध्ययन विधि, विषयबस्तु बुझ्ने भएकाले छनौट गरेको* (P6) भन्ने उनीहरुको भनाइ रहेको छ । खासगरि *ग्रामीण विकासकै प्राध्यापक भए झनै सहज हुने* (P5, P6) उनीहरुको कथन रहेको छ । यसरी ग्रामीण विकासका प्राध्यापकको छनौटमा पनि उनीहरुको मुल विषय र आफ्नो अनुसन्धानको विषय र समस्यालाई आधार बनाएको बताएका छन् ।

अर्कातिर त्यस्तो सहभागी जो पहिले नै कुनै अर्को विषयमा दख्खल राख्तछन् र उक्त विषयको विधि शास्त्र एवम् सिद्धान्तको ज्ञान रहेको छ उनीहरुले भने *सहजता र ग्रामीण विकासकै प्राध्यापक* (P1) भन्दा आफ्नो *अनुसन्धानको विषय र समस्यासँग सम्बन्धित संस्थागत विषयका प्राध्यापक* (P5) लाई शोध निर्देशकका रूपमा छनौट गरेको बताएका छन् ।

### ३.४ संस्थागत भूमिका

विभिन्न अध्ययनहरुले (उ.Palmer, 2018) अन्तर्विषयात्मक अध्ययनलाई प्रभाव पार्ने केही पक्षहरुको व्याख्या गर्दा संस्थागत भूमिकालाई प्रमुख रूपमा उठाएका छन् । संस्थागत भूमिकालाई संस्थागत तयारीका रूपमा अर्थ्याएको पाइन्छ । अध्ययन गराउने संस्थासँग अन्तर्विषयात्मक अध्ययन कसरी गराउने भन्ने सम्बन्धि कार्यबिधि हुनुपर्ने, पाठ्यक्रम निर्माण, जनशक्ति संयोजन, औपचारिक छलफल प्रणाली जस्ता तयारी हुनुपर्ने कुरा यी अध्ययनहरुले औंल्याएका छन् ।

यस अध्ययनमा सहभागीहरुले ग्रामीण विकास विषयको विद्यावारिधि अध्ययनका क्रममा सम्बन्धित संस्थाहरुले अन्तर्विषयात्मकताको संस्थागत कार्यविधि या प्रोटोकल प्रष्ट नपारेको बताएका छन् । ग्रामीण विकास केन्द्रीय विभाग र मानविकी तथा सामाजिक शास्त्र संकाय ग्रामीण विकास विषयको विद्यावारिधि प्रक्रियामा संलग्न प्रमुख संस्थाहरू हुन् । यिनका अलावा विद्धतवृत्ति उपलब्ध गराउने विश्वविद्यालय अनुदान आयोग पनि सम्बन्धित निकाय अन्तरगत पर्दछ । अन्तरवार्ताका क्रममा सहभागीहरुले सम्बन्धित संस्थाहरुले आफूहरुलाई अन्तर्विषयात्मकता सम्बन्धि कुनै कार्यविधि या प्रोटोकल उपलब्ध नगराएको बताए । यी संस्थाहरुले अन्य संस्थागत विषय जस्तै समाजशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र जस्ता विषयमा हुने अध्ययनकै हाराहारीमा ग्रामीण विकासका विद्यावारिधि अध्ययन र शोधार्थीहरुलाई व्यवहार गरेको पाइएको छ । सहभागीहरुले प्रोटोकल नभएतापनि ग्रामीण विकास केन्द्रीय विभागका प्रमुख तथा प्राध्यापकहरुले भने प्रस्तावित *अध्ययनको शिर्षक ग्रामीण विकास विषयमा कसरी सम्बन्धित छ* (P1, P3, P4, P6) भनेर चासो राख्ने गरेको बताएका छन् ।

विद्यावारिधिरत एक सहभागीले अन्तर्विषयात्मक अध्ययनमा संस्थागत भूमिकाबारे यस्तो बताए:

> *त्यस्तो लिखित कार्यविधि या प्रोटोकल भएकोजस्तो लागेन । विभागमा प्रस्ताव प्रतिरक्षा गर्ने क्रममा शिर्षक कसरी ग्रामीण विकास विषयसँग सम्बन्धित छ भनेर चाहिं सोध्ने गरिन्छ । त्यति हो । न डिन कार्यालयले, न विभागले त्यस्तो प्रोटोकल या कार्यविधि बनाएको छ । ग्रामीण विकास विषय अन्तर्विषयात्मक हो भन्ने मलाई थाहा छ । तर विद्यावारिधि गर्दा कसरी त्यो आउँछ कहाँनेर आउँछ भन्ने कुरा खासै जानकारी हुँदैन । आएको पनि होला । ....अरु विषय समाजशास्त्र, अर्थशास्त्रजस्ता विषयमा भएजस्तै नै यसमा पनि भइरहेको जस्तो लाग्छ* (P4) ।

अर्का एक सहभागी (P7) ले विद्धतवृत्ति उपलब्ध गराउने निकाय विश्वविद्यालय अनुदान आयोगले पनि त्यस्तो भिन्नताको कुरा नगरेको, कुनै प्रोटोकलबारे सुझाब नदिएको बताए ।

## ४. छलफल तथा निश्कर्ष

विज्ञान र प्रविधिमा आएको अभूतपूर्व विकासको प्रभावमा वैश्विकरण र एकिकरणको प्रवाहले समाजमात्र नभएर विभिन्न ज्ञान प्रणालीहरू नै एकिकृत हुँदै गइरहेको यो शताब्दिमा अन्तर्विषयात्मक अध्ययनको महत्व र आवश्यकता बढेर गएको छ (Brotto, Lodge, Gislasson, Brighton & Ehlors, 2007) । परिणामस्वरूप विश्वविद्यालय, सरकारी निकाय तथा नीजि संस्थानहरुले अन्तर्विषयात्मक अध्ययन केन्द्रहरू स्थापना गर्ने क्रम बढेको छ । संस्थागत विषयमै पनि अन्तर्विषयात्मक अध्ययनको आवश्यकता र माग बढेको अध्ययनहरुले देखाएका छन् (Bolger, 2021) । दातृ निकायहरुले समेत अन्तर्विषयात्मक अध्ययनलाई रकम उपलब्ध गराउने क्रम बढेको छ ।

यस लेखले नेपालको त्रिभुवन विश्वविद्यालय अन्तरगत २०५८ सालमा स्थापना भएको प्रारम्भकालीन अन्तर्विषयात्मक विषय ग्रामीण विकासको हकमा त्यस्तो उल्लेख्य उपलब्धी हुन नसकेको देखाएको छ । यसले ग्रामीण विकासजस्तो अन्तरविषयक विषयमा भइरहेका विद्यावारिधि तहका अध्ययनहरू विरलैमात्र अन्तर्विषयात्मक रहेको देखाएको छ । पाठ्यक्रमको बनावटको कारणले ग्रामीण विकास विषयको शिक्षण पद्धति अन्तर्विषयात्मक भएतापनि अनुसन्धान पद्धति भने आंशिक रूपमा मात्रै अन्तर्विषयात्मक भएको यस अध्ययनले देखाएको छ । अध्ययनमा सहभागीहरुले विषयको अन्तर्विषयात्मकता बोध गरेको भेटिएको छ तर अनुसन्धानमा त्यो कसरी प्रतिविम्वित हुन्छ त्यसबारे भने उनीहरूजानकार पाइएका छैनन् । खासगरि अध्ययनार्थीहरुमा अन्तर्विषयात्मकताको चेतना कम भएको, प्रक्रियामा कम पहुँच भएको, शोध निर्देशकले उपर्युक्त निर्देशन नदिएको तथा शोध सञ्चालन गर्ने संस्थाहरुले अन्तर्विषयात्मक अध्ययन पद्दति सम्बन्धि छुट्टै कार्यविधि नबनाएको पाइएको छ । मुलतः अध्ययन गराउने संस्थागत संयन्त्रको भूमिका प्रमुख हुने अध्ययनहरुले देखाएजस्तै यस लेखले पनि ग्रामीण विकास केन्द्रीय विभाग, मानविकि तथा सामाजिक शास्त्र संकाय त्रिवि र विश्वविद्यालय अनुदान आयोग जस्ता निकायले अन्तर्विषयात्मक विषयहरुको प्रकृति अनुसार विद्यावारिधि अध्ययनलाई ढाल्न नसकेको देखिन्छ ।

यस्तै किसिमको निष्कर्ष अन्य पूर्वअध्ययनहरुमा पनि पाइन्छ । एक अध्ययनमा Palmer (2018) ले विश्वविद्यालयहरुमा अन्तर्विषयात्मक अध्ययनको परिपाट व्यबस्थित नभएको र नेतृत्व तहमा त्यस किसिमको तयारी नभएको कुरा उल्लेख गरेका छन् । Weingart (1997) ले विश्वविद्यालयहरुमा नोकरी गर्न र पदोन्नतीका लागि अझै पनि संस्थागत विषयमै दक्षता, अध्ययन र कृति प्रकाशन चाहिने व्यबस्था भएकाले पनि अन्तर्विषयात्मक अध्ययनको प्रभाव कम भएको हो भन्ने निष्कर्ष निकालेका छन् । अलिक व्यापक रूपमा अन्तर्विषयात्मक अध्ययनको विश्लेषण गरेका Bolgar (2021) ले अन्तर्विषयात्मक अध्ययनका चार संरचनात्मक अवरोधहरूजस्तै १) संरचनात्मक अबस्था र प्रशासन २) नीति तथा कार्यविधि ३) स्रोत, पूर्वाधार ४) पहिचान, पुरस्कार र प्रोत्साहन औल्याएका छन् । यस अध्ययनमा सहभागीहरुले पनि विद्यावारिधि गर्न पर्याप्त आर्थिक स्रोत नभएको, ग्रामीण विकास विषयलाई अन्य विषयको तुलनामा हेरिने गरेको र कतिपय शोध निर्देशकहरुबाटै विषयलाई हेय दृष्टिकोण राखिएको बताएका थिए ।

संस्थागत तयारीका अलावा Klein (1999), Newell (2001), Repko and Szostack (2017) लगायतले अध्ययनकर्ताको क्षमता र रुचिमा पनि उत्तिकै रूपमा अन्तर्विषयात्मक अध्ययन भरपर्ने बताएका छन् । एक या एकभन्दा बढि संस्थागत विषयमा पकड राख्नुपर्ने, तिनका सिद्धान्त र दृष्टिकोणहरू पर्गेल्नुपर्ने, विभिन्न दृष्टिकोणहरुबीच सहकार्य गराई साझा

तर समग्र दृष्टिकोण निर्माण गर्न सक्नुपर्ने जस्ता गुणहरू अध्ययनकर्तामा हुनुपर्ने यी विश्लेषकहरुले औंल्याएका छन् । अध्ययनकर्ताहरुमा विभिन्न विषयका भाषा शैली प्रयोग गरी संवाद गर्न सक्ने र समुहगत कार्य गर्न सक्ने खुवी हुनुपर्ने पनि भनिएको छ (Bracken & Oughton, 2008)। यस अध्ययनमा पाइएअनुसार ग्रामीण विकासशास्त्रीहरुमा संस्थागत विषयमाथिको पकड आवश्यक छ भन्ने बोध निकै कम पाइएको छ। उनीहरुमा संवादात्मक सीप पनि नगण्य नै पाइन्छ । यस सन्दर्भमा सहभागी P4 को अनुभव यस्तो रहेको छ :

> *ग्रामीण विकास पढ्न आउने विद्यार्थी यो कस्तो विषय हो ? यो किन पढ्ने ? यो पढेपछि कस्तो ज्ञान पाइन्छ ? के गर्ने ? भन्ने नबुझिकनै आउँछन् । जुनसुकै तहमा बिए देखि पिएचडिसम्मै । खालि पढ्न र राम्रो नम्बर ल्याएर पास गर्न मात्र आएको जस्तो देखिन्छ । यस विषय प्रति उसको कुनै प्रतिबद्धता हुने कुरै भएन । त्यसो हुँदा विद्यावारिधिका दौरानमा चाहे प्रस्ताव बुझाउँदा होस् या शिर्षक चयन गर्दा उसले ग्रामीण विकासको प्रकृति अनुसार भन्दा आफ्नो अध्ययनको पृष्ठभूमि अनुसार गर्ने भयो । अनुभव पृष्ठभूमि अनुसार गरेतापनि ग्रामीण विकासका मूल्य मान्यता आधारभूत परिभाषा अन्तर्विषयात्मकता अनुसार गरेको भए हुन्थ्यो । तर त्यस्तो पाइँदैन । ...उदाहरणका लागि शिक्षाशास्त्र अध्ययन गरेको मान्छेले ग्रामीण विकास विषयको विद्यावारिधिका लागि शोधप्रस्ताव बुझाउदा शिक्षाशास्त्रको दायराभन्दा बाहिर गएको म देख्दिन ।*

यस हिसाबले ग्रामीण विकासमा भइरहेका अध्ययनहरू न विषयगत न अन्तरविषयगत नै हुन पुगेका देखिन्छन् । अध्ययनमा सहभागीहरुले ग्रामीण विकास पढ्न आउने विद्यावारिधि शोधार्थीहरुले *आफ्नो रुचि, मानसिक क्षमता* र *व्यावहारिक आवश्यकता*का अतिरित्त *ग्रामीण विकास विषयको प्रकृति, प्रायोगिकता, विषय पढ्नका लागि चाहिने सीप* र *क्षमताको पनि मूल्यांकन* गरेर मात्र भर्ना लिनुपर्ने कुरा सहभागीहरुले बताएका छन् ।

***प्रस्तावित अवधारणात्मक खाका***

यस अबस्थामा अध्ययनबाट प्राप्त सूचना र पूर्व स्थापित छलफलको संयोजन गरी ग्रामीण विकास विषयमा हुने अध्ययन/अनुसन्धानलाई अन्तर्विषयात्मक बनाउन तल एउटा प्रक्रिया प्रस्ताव गरिएको छ । यसका चरणहरू निम्न बमोजिम छन् :

१. समस्या कथन या अध्ययनका प्रश्नावली निर्माण


**२. ग्रामीण विकास या विकास अध्ययनका अवधारणा, सिद्धान्त, मोडल या उपागमको चयन**

३. उपर्युक्त संस्थागत विषयको चयन

४. संस्थागत विषयका सिद्धान्त, मोडल या अवधारणाहरुको खोजी, जानकारी र मूल्याङ्कन

**५. बिभिन्न संस्थागत विषयका दृष्टिकोण र ग्रामीण विकास या विकास अध्ययनका दृष्टिकोणबीच छलफल गरी साझा दृष्टिकोण निर्माण**

६. अवधारणागत दृष्टिकोण (Conceptual Framework) निर्माण




चित्रः १ ग्रामीण विकास विषयक अध्ययनका लागि अवधारणात्मक खाका (Process Framework)

यस प्रक्रियामा अवधारणात्मक खाका (Conceptual framework) सम्मका चरणहरुमात्र सुझाव गरिएको छ । यस अबस्थासम्म आइपुग्दा अध्ययनकर्ताले अध्ययनका सम्बन्धमा आफ्नो स्थान (Positionality) बनाइसकेको हुन्छ भन्ने मान्यतामा यो प्रस्ताव गरिएको हो । साथै अन्तरविषयक विषयमा हुने अन्तर्विषयात्मक अध्ययनका प्रायः अंगहरूअध्ययनार्थीले ग्रहण गरिसकेको हुन्छ । अवधारणात्मक खाका तयार पारिसकेपछिको अबस्था भनेको सूचना वा

तथ्याङ्क संकलन, विश्लेषण र छलफलको चरण हो । जुन चरणहरूयहाँ प्रस्तावित अवधारणात्मक खाकाले नै निर्देशित गर्ने हो ।

यस प्रक्रियाको दोस्रो चरणलाई संस्थागत तयारीका माध्यमबाट अनिवार्य गर्न सक्यो भने त्यस्ता अध्ययनहरुबाट विषयगत योगदान स्पष्ट हुनसक्ने देखिन्छ। त्यस्तै गरी चरण पाँच र छ ले ग्रामीण विकास अन्तरगत हुने अध्ययन अनुसन्धानलाई अन्तर्विषयात्मक बनाउन मद्दत गर्नेछ । बाँकी चरणहरूजुनसुकै संस्थागत या अन्तरविषयक विषयमा अन्तर्विषयात्मक अध्ययन अनुसन्धान कार्य गर्नका लागि साझा चरणहरूहुन् ।

संस्थागत विषयहरुको प्रभावकारिता कम हुँदै गइरहेको विश्वव्यापी परिवेशमा अन्तरविषयक अध्ययनको महत्व बोध गरेरै त्रिभुवन विश्वविद्यालयमा ग्रामीण विकास विषय स्थापना गरिएको भएतापनि अध्ययन अनुसन्धानमा भन्दा पाठ्यक्रममा मात्र यसको अन्तर्विषयात्मकता कायम भएको देखिन्छ। त्रिविले हालै सार्वजनिक गरेको नीतिमा विभिन्न संस्थागत तथा अन्तर्विषयात्मक विषयहरुलाई एकिकरण गरेर विद्यालय (Schools) हरू खडा गर्ने अवधारणा अगाडि बढाएको छ (TU, 2024)। यस परिप्रेक्ष्यमा त्रिविले ग्रामीण विकास लगायत अन्य समकालीन अन्तरविषयक अध्ययनहरूजस्तै द्वन्द्व, शान्ति र विकास, सामाजिक कार्य, लैंगिक अध्ययन, अन्तराष्ट्रिय सम्बन्ध अध्ययन, पर्यटन तथा आतिथ्यता अध्ययन, खेलकुद विज्ञान, श्रम अध्ययन लगायतलाई समेटी एउटा छुटै अन्तर्विषयात्मक अध्ययन विद्यालयको स्थापना गरी यस अध्ययनले पहिल्याएका प्राप्ती र सीमाहरुको समुचित उपयोग गर्न सक्ने देखिन्छ।

## ५. अध्ययनका सीमा तथा आगामी अनुसन्धानका पाटाहरु

यस अध्ययनले त्रिविमा विगत साढे दुई दशकदेखि अध्ययन अध्यापन भइरहेको अन्तर्विषयात्मक विषय ग्रामीण विकासमा भइरहेका विद्यावारिधि अध्ययनहरुबारे निष्कर्ष निकालेको छ । विषय अन्तर्विषयात्मक भएतापनि अध्ययनहरूअन्तर्विषयात्मक भइरहेका छैनन् भन्ने यस लेखको मुख्य निष्कर्ष रहेको छ। यसमा संस्थागत, जनशक्तिगत र संरसचनागत कमजोरी रहेको कुरा यस लेखमा व्याख्या गरिएको छ । यसका बाबजुद पनि यस अध्ययनका केही निश्चित सीमाहरूछन् जसलाई आगामी दिनमा गरिने यस प्रकारका थप अध्ययनहरुले सम्बोधन गर्न सक्नेछन् ।

प्रथमतः यस अध्ययनमा ग्रामीण विकास विषयमा विद्यावारिधि गरेका र गरिरहेका स्नातकहरू(Rural Developmentalists/RDans) लाई मात्र सहभागी गराइ उनीहरुको अनुभवको विश्लेषण गरी निष्कर्ष निकालिएको छ। अन्तर्विषयात्मक अध्ययनको प्रकृति र प्रवृत्तिबारे यदि यस विषयमा अध्यापन गराइरहेका प्राध्यापकहरुलाई पनि सहभागी गराई तथ्याङ्क तथा सूचनाको मिश्रण गर्न सकियो भने अझै साङ्गोपाङ्गो तस्बिर आउनसक्ने देखिन्छ । संस्थागत तयारीकाबारे विभागीय प्रमुख र मानविकी तथा सामाजिक शास्त्र संकाय, त्रिविका डिनहरुका अनुभव पनि समेट्न सक्दा झनै सारभूत निष्कर्ष निस्कन सक्नेछ। त्यसैगरी संस्थागत विषयमा शोध गरिरहेका र ग्रामीण विकास, लैंगिक अध्ययन, द्वन्द्व, शान्ति र विकासजस्ता अन्तर्विषयात्मक विषयमा शोध गरिरहेका दुवै समुहलाई अध्ययनमा सहभागी गराई अनुभवको मिश्रण र विश्लेषण गराउन सक्यो भने त्रिविमा अन्तर्विषयात्मक अध्ययनको अबस्थाबारे अझै प्रष्ट तस्बीर देखाउन सकिन्छ। यसले ग्रामीण विकासजस्ता अन्तर्विषयात्मक विषय र समाजशास्त्र, अर्थशास्त्र, राजनीति शास्त्रजस्ता संस्थागत विषयमा भइरहेको अन्तर्विषयात्मक अध्ययनहरुबीच तुलनासमेत गर्न सकिन्छ । अर्कोतिर यस अध्ययनले हाल त्रिविमा सञ्चालन भइरहेका द्वन्द, शान्ति र विकास, सामाजिक कार्य अध्ययन, लैंगिक अध्ययन, अन्तराष्ट्रिय सम्बन्ध अध्ययन, खेलकुद विज्ञान लगायतका आधा दर्जनभन्दा बढि अन्तर्विषयात्मक विषयहरुलाई समेटेको छैन । आगामी कुनै पनि अध्ययनमा यी सबै अन्तरविषयक विषयबाट सहभागी गराएर त्रिविमा अन्तर्विषयात्मक अध्ययनको अबस्थाको सोलोडोलो तस्बीर देखाउन सकिन्छ ।

## सन्दर्भ सामग्री

Benlahcene, B.; Chattti, C.B.; Hoque, H.M.N.; Khal, Ae & Bakir, A. (2024). Interdisciplinary studies: A critical review of the concept, paradigm and difficulties. *Journal of Islamic Thought and Civilization*, 14 (1): 154-174. https://doi.org/10.32350/jitc.141.10

Bolger, P. (2021). A study of faculty perceptions and engagement in interdisciplinary research within university sustainability institutes. *Journal of Environmental Studies and Sciences*, 11: 115-129. https://doi.org/10.1007/s13412-020-00616-7

Boon, M. & Baalen, S.V. (2018). Epistemology for interdisciplinary research-shifting philosophical paradigms of science. *European Journla of Philosophy of Science*, 9:16. https://doi.org/10.1007/s13194-018-0242-4

Bracken, L. J. & Oughton, E. A. (2008). 'What do you mean?' The importance of language in developing interdisciplinary research. *Transactions of the Institutes of Britich Geography*, 31 (3): 371-382. 10.1111/j.1475-5661.2006.00218.x

Brotto, V. C.; Gislasson, M. & Ehlors, M. H. (2007). Practising interdisciplinarity in the interplay between disciplines: experiences of established researchers. *Environmental Science & Policy* 12(7):922-933. 10.1016/j.envsci.2009.04.005

Central Department of Population Studies (CDPS) (2024). *About*. Available at: https://www.cdps.edu.np/about [Accessed 11/2/2024]

Central Department of Rural Development (CDRD) (2024). Message from Head. Available at: https://cdrd.tu.edu.np/messageFromHead/137 (Accessed 4/11/2024)

Central Department of Rural Development (CDRD) (2024). Downloads. Available at: https://cdrd.tu.edu.np/downloads (Accessed 4/11/2024)

Hoidn, S. (2018). Conducting interdisciplinary research in higher education: Epistemological styles, evaluative culture and institutional obstacles. *International Journal of Interdisciplinary Research and Innovation*, 6(3):288-297. Available at: https://www.researchgate.net/publication/327700683

Klein, J.T. (1999). Mapping interdisciplinary studies. Associatioin of American Colleges and Universities.

Krishnan, A. (2009). What are Academic Disciplines? Some observations on the Disciplinarity vs. Interdisciplinarity debate. ESRC National Centre for Research Methods NCRM Working Paper Series. Available at: https://eprints.ncrm.ac.uk/id/eprint/783/

Miller, R. C. (1982). Varieties of interdisciplinary approaches in the social sciences: A 1981 overview. *Issues in Integrative Studies*, 1:1-37.

Nastar, M.; Bodo, C. S. & Olsson, L. (2018). A critical realist inquiry in conducting interdisciplinary research: an analysis of LUCID examples. *Ecology and Society*, 23(3):41. https://doi.org/10.5751/ES-10218-230341

Newell, W. H. (2001). A theory of interdisciplinary studies. *Issues in Integrative Studies*, 19:1-25

Palmer L. (2018) Meeting the leadership challenges for interdisciplinary environmental research. *Nature Sustainability*, 1: 330–333. 10.1038/s41893-018-0103-3

Purvis, B.; Keding, H., Lewis, A. & Northall, P. (2023). Critical reflections of postgraduate researchers on a collaborative interdisciplinary research project. *Humanities and Social Sciences Communications*, 10:10. https://doi.org/10.1057/s41599-022-01494-w

Repko, A. F. & Szostack, R. (2017). Interdisciplinary research process and theory. Sage.

Russel, Y.I. (2022). Three Problems of Interdisciplinarity. *Avanta, 8 (1).* DOI: 10.26913/avant.202206

Schmidt, J. C. (2011). What is a problem? On problem-oriented interdisciplinarity. *Poiesis Prax*, 7:249-274.

Scott, C. & Hofmeyer, A. (2007). Acknowledging complexity: Critically analyzing context to understand interdisciplinary research. *Journal of Interprofessional Care*, 21(5):491-501.

Singh, M. P. (2005). Rural development education at Tribhuvan University. *Nepalese Journal of Development and Rural Studies*, 2(1): 110-112.

Tribhuvan University (TU) (2024). *Downloads.* Available at: https://portal.tu.edu.np/downloads/_2024_04_19_08_33_11.pdf (Accessed 4/12/2024)

Weingart, P. (1997). From 'Finalization' to 'Mode 2': Old Wine in New Bottles? Social Science Information, 36 (4): 591-613. DOI: 10.1177/053901897036004002